# पुर्चौंडी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

हाटँ, बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल
फोन नं– ☎ ०९६६९०८०३

प.स.:२०८०/८१
च.न.:

मिति : २०८०।०५।०५

**गौरा पर्वको अवसरमा पुर्चौंडी नगरपालिकाद्धारा जारी शुभकामना सन्देश !!!**

हरेक वर्ष भाद्र शुक्ल पञ्चमी देखि अष्टमीका दिन सम्म मनाईने सुदुरपश्चिम प्रदेशवासीहरुको महान तथा ऐतिहासिक, मौलिक, धार्मिक एवं साँस्कृतिक चाड **गौरा पर्व**को उपलक्ष्यमा सम्पुर्ण नगरपालिकाबासी महानुभावहरुमा सुख, शान्ति र समृद्धिका साथै मौलिक सँस्कृतिको संरक्षण गर्दै समाजमा विद्यमान अन्धविश्वास, विभेद, विकृती एवं विसङ्गतिहरुलाई अन्त्य गरि आपसी सद्भाव, सहमती र सहकार्यको विकासबाट सुखि, समृद्ध, समुन्नत, सभ्य र समतामुलक पुर्चौंडी नगरपालिका निर्माणको आकांक्षा पुरा होस् भनी हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ।

साथै सो उपलक्ष्यमा सम्पूर्ण नगरवासीहरुको परिवार र सामाजिक जीवनमा आपसी प्रेम, विश्वास र सद्भावलाई प्रगाढ बनाई आम-एकताको भावना सुदृढ होस् भन्ने शुभेच्छा सहित यस नगरपालिकाको मिति २०८०।०५।०५ गतेको निर्णयानुसार यही मिति २०८०।०५।०७ र ०८ गते (२ दिन) यस नगरपालिकाको कार्यालय, मातहतका वडा कार्यालयहरु, विषयगत शाखा/उपशाखा/सेवा केन्द्रहरु तथा कार्यालयहरु एवं सम्पुर्ण शैक्षिक सँस्थाहरुमा स्थानीय सार्वजनिक बिदा दिईएको व्यहोरा समेत अनुरोध गरिन्छ।

.............................
दीपक बहादुर बम
नगर प्रमुख

Website: www.purchaudimun.gov.np E-mail: ito.purchaundi@gmail.com

*"कृषि, पर्यटन र पूर्वाधार, समृद्ध पुर्चौंडीको मुल आधार"*